नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# सहकारी विभाग

(प्रशासन तथा सहकारी प्रवर्द्धन शाखा)

पत्र संख्याः ०८२।०८३
चलानी नः 9399

नयाँ बानेश्वर, काठमाडौं
बागमती प्रदेश, नेपाल

मितिः २०८३।०२।०८
ने.सं. ११४६

**कोपोमिस प्रणालीमा आवद्ध भई विवरण अनिवार्य रुपमा अद्यावधिक गर्ने सम्बन्धमा।**

सबै सहकारी संघसंस्थाहरुले सहकारी ऐन, २०७४(संसोधन २०८१) को दफा ७३ को उपदफा (१) वमोजिमको यस विभागले तोकेको एकीकृत व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) मा अनिवार्य रुपमा आवद्ध भई विवरण प्रविष्टि गर्नुपर्ने व्यवस्था गरेको र सहकारी ऐन, २०७४ को (प्रथम संशोधन अध्यादेश) को दफा ७३ को उपदफा (१) को खण्ड (ख) थप भई रजिष्ट्रारले हरेक वर्ष शेयर सदस्य, शेयर रकम लगायतका विषय उल्लेख गरी अद्यावधिक गर्नुपर्ने व्यवस्था गरेको छ। यस विषयका सम्बन्धमा विभागवाट पटक पटक निर्देशन हुँदा समेत सबै सहकारी संघसंस्थाहरुले हालसम्म पनि उक्त प्रणालीमा आवद्ध भई विवरण प्रविष्टि गरेको नदेखिएकोले २०८३ असार मसान्तभित्र आवद्ध भई ऐनमा तोकिए वमोजिमको विवरण प्रविष्टि गर्नु हुन जानकारी गराइन्छ। अन्यथा कानून वमोजिम हुने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

..............................
(रजिष्ट्रार)
सुशील ढकाल

नोटः कोपोमिस प्रणालीमा आवद्ध हुन, विवरण प्रविष्टि गर्ने सम्वन्धमा कुनै प्राविधिक कठिनाइ आइपरेमा विभागको टेलिफोन नम्वर <u>०१-४५६५२५१,४५६५२५२</u> मा कम्प्युटर इन्जिनियर श्री प्रेम प्रसाद थारु, कम्प्युटर अपरेटर श्री पपुकुमार यादव र कम्प्युटर अपरेटर अप्सरा न्यौपानेलाई सम्पर्क गर्नु हुन समेत जानकारी गराइन्छ।